# गण्डकी गाउँपालिका उपाध्यक्ष श्री ललिता अधिकारी द्वारा बिसौं गाउँसभाको दोस्रो बैठकमा

# प्रस्तुत बजेट वक्तव्य

**गण्डकी गाउँपालिका**

**गोरखा**

गण्डकी प्रदेश, नेपाल

२०८३

**गण्डकी गाउँपालिका उपाध्यक्ष श्री ललिता अधिकारी द्वारा बिसौं गाउँसभाको दोस्रो बैठकमा**

**प्रस्तुत बजेट वक्तव्य**

# आर्थिक वर्ष २०८३/०८४ को

**बजेट वक्तव्य**

**गण्डकी गाउँपालिका**

**गोरखा**

गण्डकी प्रदेश, नेपाल

**मिति २०८३ असार १० गते बुधबार ।**

**गाउँसभा सभाध्यक्षज्यु,**
**गाउँसभा सदस्यज्युहरु,**
**गाउँसभा सचिवज्यू,**
**सम्पूर्ण कर्मचारीहरु,**
**सञ्चारकर्मी मित्रहरु,**
**अन्य उपस्थित महानुभावहरु**

१. यस गाउँपालिकाको बिसौं गाउँ सभाको दोस्रो बैठकमा गाउँपालिकाको आ.व २०८३/०८४ को बजेट तथा कार्यक्रम पेश गर्न पाउँदा गौरवको अनुभुति गरिरहेको छु। संघीय तथा प्रदेश सरकारबाट यस आ.व मा बजेट सिमा घटेर आएको अवस्थामा छ। आ.व २०८२/०८३ मा संघबाट हाल सम्म समानीकरण अनुदान तर्फ ९१.४५ प्रतिशत र राजश्व बाडँफाट तर्फ ७९.७३ प्रतिशत मात्र प्राप्त भएको अवस्था छ। यस आर्थिक मन्दिको चुनौतिपूर्ण परिस्थितिका बिच आगामी आ.व को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा गहन जिम्मेवारी बोध गरेको छु।

२. देशको वर्तमान आर्थिक अवस्थाले गर्दा गाउँपालिकाको आर्थिक क्रियाकलाप समेत संकुचन भई समग्र विकास र समृद्धिको यात्रामा प्रभाव पर्ने अवस्था छ। तथापी विकास र समृद्धि क्रमिक रुपमा पुरा हुदै जाने भएकाले यस यात्रामा निरन्तर प्रयत्नशील रहेका छौ।

३. चालु आ.व मा विनियोजन गरेको कुल बजेट मध्ये हाल सम्म चालु तर्फ ७४.७० प्रतिशत र पुँजीगत तर्फ ५१.५९ प्रतिशत गरी गाउँपालिकाको समग्र प्रगति ६८.१२ प्रतिशत रहेको छ। शाखागत रुपमा आर्थिक विकास क्षेत्र तर्फ ३५.९० प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ ८२.२८ प्रतिशत, पूर्वाधार विकास क्षेत्र तर्फ ५५.०९ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र तर्फ ४५.०९ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिक क्षेत्र तर्फ ५५.८२ प्रतिशत प्रगति रहेको छ।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधानको मर्म र भावनालाई आत्मासात गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानून एवं संघीय सरकार र प्रदेश सरकारको मार्गदर्शन, नीति, निर्देशन/परिपत्र लगायतका गाउँपालिकासँग सम्वन्धित सम्पूर्ण नीतिगत व्यवस्थाका साथै विश्वव्यापी दीगो विकासका लक्ष्य (SDG ) तथा स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्था अनुसार सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी आगामी आ.व. मा गाउँपालिकालाई संघीय र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण (वित्तिय समानीकरण, सशर्त, समपुरक, राजश्व बाँडफाँड र विशेष अनुदान) तथा गाउँपालिकाको आन्तरिक स्रोतलाई समेत आधार मानी आगामी आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम तयार गरेको छु।

५. बजेट विनियोजन तथा योजना तर्जुमाका क्रममा आम नागरिक, विभिन्न संघ सस्था एंवम् जनप्रतिनिधहरूको सल्लाह एवम् सुझाव अनुसार सबै क्षेत्रमा समानुपातिक हुने हिसावले बजेटको विनियोजन गरिएको छ। कृषि, पशु, शिक्षा, स्वास्थ्य, पुर्वाधारको क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु।

गाउँसभा सभाध्यक्ष ज्यु,
गाउँसभा सदस्य ज्युहरु,

६. अब म यस गाउँसभामा आगामी आ.व. २०८३/०८४ को लागि प्रस्तावित आय र व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आ.व. २०८३/०८४ का लागि कुल ६२ करोड २१ हजार पैतिस रुपैया २० पैसाको वार्षिक वजेट तथा कार्यक्रम पेश गरेको छु । जसमध्ये आयतर्फ सङ्घीय सरकारको सशर्त अनुदान २९ करोड ८ लाख, संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान १३ करोड १९ लाख, समपुरक अनुदान १ करोड ७५ लाख, विशेष अनुदान ९३ लाख र राजस्व बाँडफाँड ८ करोड ८२ लाख २३ हजार समावेश गरिएको छ । यसै गरी गण्डकी प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान १ करोड ७८ लाख ६९ हजार,

राजश्व बाँडफाँड बापत ९९ लाख १९ हजार, समपूरक अनुदान ६० लाख, विशेष अनुदान ४० लाख, यस गाउँपालिकाको आन्तरिक आय १ करोड ५ लाख ९५ हजार र चालु आ.व. को नगद मौज्दात (बैंक अ.ल्या) बाट २ करोड २ लाख प्राप्त हुने अनुमान गरिएको छ । यसमा व्यय तर्फ चालु खर्च ४१ करोड २१ हजार र पुँजीगत खर्च २१ करोड विनियोजन गरिएको छ ।

७. कुल विनियोजित निसर्त वजेटमा विषयगत क्षेत्र अन्तर्गत पुर्वाधार विकास क्षेत्र तर्फ ३४.३७ प्रतिशत, आर्थिक विकास क्षेत्र तर्फ ९.६९ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ १८.७५ प्रतिशत, वन वातावरण तथा विपद क्षेत्र तर्फ ३.७५ प्रतिशत, संस्थागत तथा सुशासन क्षेत्र तर्फ ३.१२ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिक ३१.२५ प्रतिशत वजेट विनियोजन गरेको छु ।

८. संघीय सरकार समपुरक अनुदान आयोजनाको लागि सिउरेनिटार- बेनीगाउँ-तोलक-दलभञ्याङ सडकमा संघीय सरकारले ७० लाख र गाउँपालिकाले ७० लाख र कुलवेसी-दलभञ्याङ-कौदी-आमडाँडा-बतासे सडक स्तरोन्नतीमा संघीय सरकारले १ करोड ५ लाख र गाउँपालिकाले १ करोड ५ लाख विनियोजन गरेको छ।

९. प्रदेश सरकारको समपुरक अनुदानबाट सञ्चालन आयोजनामा गण्डकी गापा — रातमाटे- मकैसिङ- बतासे सडक १ र २ स्तरोउन्नती को लागि प्रदेश सरकारले ६० लाख र गाउँपालिकाले ६० लाख विनियोजन गरेको छ।

१०. संघीय सरकार विशेष अनुदान अति सिमान्तकृत चेपाङ जाति लगायतको बृहत पोषण सधार आयोजनामा ९३ लाख विनियोजन गरेको छ।

११. प्रदेश सरकारको विशेष अनुदान क्लोथ (कपडा) बैंक स्थापनाको लागी ४० लाख विनियोजन भएको जाकारी गराउँछु।

१२. गण्डकी गाउँपालिका प्रशासनिक भवनको लागि १ करोड विनियोजन गरिएको छ।

१३. वडास्तरीय कार्यक्रमका लागि विकासका ५ स्तम्भहरू आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र संस्थागत विकासका लागि भुगोल, जनसंख्या, राजश्व र गरिवी जस्ता सुत्रको आधार समेतबाट ८ वडाको लागि जम्मा रू ६ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

१४. वडाबाट सम्बोधन हुन नसकेका कतिपय क्षेत्रमा गाउँपालिकास्तरीय कार्यक्रम तर्फ प्रवर्धनात्मक विकास अन्तर्गत कला, धर्म, संस्कृतिको संरक्षण, संघ संस्थासँग साझेदारी, वाल सञ्चाल कार्यक्रम, पूर्वाधार विकास, कला सँस्कृति विकास, पर्यटन, सहकारी तथा वित्तीय क्षेत्र, राजश्व सुधार, सिंचाई पूर्वाधार निर्माण तथा स्तर उन्नति, विद्युत खानेपानी आदि जस्ता कार्यक्रम सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

१५. कृषि क्षेत्रको समग्र विकास कार्यक्रमका लागि शशर्त र विशेष अनुदान बाहेक १ करोड २० लाख  वजेट विनियोजन गरिएको छ ।

१६. पशु विकास क्षेत्रमा शशर्त र विशेष अनुदान बाहेक ५० लाख बजेट विनियोजन गरेको छु ।

१७. स्वास्थ्य क्षेत्रमा शशर्त र विशेष अनुदान बाहेक जनशक्तिको मनोबल उच्च राख्न, सञ्चालन भएका आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरूको तलब भत्ता तथा पोसाक खर्च सहित स्वास्थ्य सेवालाई आम नागरिकको सहज पहुँच एवं अत्यावश्यक औषधीको निरन्तर उपलब्धताका लागि ३० लाख वजेट विनियोजन गरेको छु ।

१८. शिक्षा तर्फ अनुदानमा शशर्त र विशेष अनुदान बाहेक शैक्षिक गुणस्तर सुधार, वैकल्पिक शिक्षण विधि, प्रविधिमैत्री र शैक्षिक पूर्वाधर विकास विद्यालयको शैक्षिक गुणस्तर विकास लगायत शिक्षा क्षेत्रको नियमन र व्यवस्थापनको लागि निशसर्त रू २ करोड ५० लाख विनियोजन गरेको छु।

१९. सामाजिक विकास तथा समावेशिकरण कार्यक्रम अन्तर्गत महिला उद्यमशिलता विकास, जेष्ठ नागरिकलाई सम्मानपूर्वक जिउने वातावरण निर्माण गर्न,

बालबालिकाको समग्र विकास एवं आपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष कार्यक्रम सञ्चालन गर्न २० लाख बजेट विनियोजन गरेको छु ।

२०. टोल विकास सँस्था र गाउँपालिकाको साझेदारीमा योजना सम्पन्न गर्नको लागि ३० लाख विनियोजन गरिएको छ।

२१. सुशासन तथा संस्थागत विकास अन्तर्गत जनप्रतिनिधी तथा कर्मचारीको क्षमता विकास तालिम, सिप विकास तालिम लगायतका कार्यक्रमका लागि प्रवर्द्धनको लागि आवाश्यक विनियोजन गरेको छु ।

२२. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको लागी कार्यक्रमका तर्फबाट १० लाख ४७ हजार र साझेदारीको लागि गाउँपालिकाबाट १० लाख ४७ हजार विनियोजन गरेको छु ।

२३. न्यायिक समितिको प्रशासनिक तथा विभिन्न कार्यक्रमकको लागि ५ लाख विनियोजन गरेको छु।

२४. राष्ट्रसेवक कर्मचारी एवं शिक्षकहरुको मनोवल उच्च राख्न दरबन्दी बमोजिमका स्थायी कर्मचारीहरुको सेवा सुविधा तथा तलवमा संघीय सरकारले गरेको वृद्दि गरे अनुरुप थप गरिएको छ, संघीय तथा प्रदेश शशर्त कार्यक्रम र गाउँपालिका स्रोत बाट नियुक्त करार कर्मचारीहरुलाई सामाजिक सुरक्षाकोषमा आवद्ध गराउन बजेट विनियोजन गरेको छु।

यस बजेट तथा कार्यक्रमसँगै आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ समेत यस गाउँ सभामा पेश गरेको छु ।

अन्त्यमा,

यो वजेट तथा कार्यक्रम तयार गर्ने क्रममा मार्गदर्शन गर्नु हुने गाउँपालिका अध्यक्ष ज्यु, सभा सचिवज्यू, गाउँसभाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, संचार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु । यो बजेट, नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै

गाउँपालिकावासीहरूको सुझाव, सहयोग र साथ रहने अपेक्षा गर्दछु ।

धन्यवाद ।

**२०८३ असार १० गते बुधबार।**

**ललिता अधिकारी**

**उपाध्यक्ष, गण्डकी गाउँपालिका, गोरखा।**